नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड

पत्र संख्याः
चलानी नं.:

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं
२०७४

फोन नं.: ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
बबरहमहल,काठमाडौं

मितिः २०८२/०५/११

स्वास्थ्य बीमा नवीकरण समयमा नगरेमा थप शुल्क लाग्ने सम्बन्धी अत्यन्त जरूरी सूचना !!!

नेपाल सरकार स्वास्थ्य बीमा कार्यक्रममा विगतमा स्वास्थ्य बीमा गरी नवीकरण नगर्नुभएका सम्पूर्ण बिमित परिवारले वि.स. २०८२ असोज मसान्तसम्ममा बीमा नवीकरण गरेमा एकपटकको लागि थप शुल्क नलाग्ने व्यवस्था स्वास्थ्य बीमा बोर्डले मिलाएको हुँदा अनलाईन प्रणाली **(E-sewa, ConnectIPS, Khalti)** वा दर्ता सहयोगीमार्फत मिति २०८२/०६/३१ गतेसम्ममा अनिवार्य स्वास्थ्य बीमा नवीकरण गर्नुहुन अनुरोध छ। उक्त अवधि पछि म्याद गुजारी नवीकरण गर्ने बिमित परिवारलाई तपसिल बमोजिमको थप विलम्ब शुल्क लाग्ने हुँदा सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

(क) बीमालेखको म्याद कटाई तीन महिना भित्र नवीकरण गरेमा कार्यक्रमा आवद्ध हुँदा लाग्ने योगदान रकमको दश प्रतिशत रकम थप गरी हुने रकम;
(ख) त्यस पछि, छ महिनाभित्रमा नवीकरण गरेमा योगदान रकमको तीस प्रतिशत रकम थप गरी हुने रकम;
(ग) छ महिनादेखि एक वर्ष भित्रमा नवीकरण गरेमा योगदान रकमको पचास प्रतिशत रकम थप गरी हुने रकम;
(घ) एक वर्ष पश्चात नवीकरण गरेमा शत प्रतिशत रकम थप गरी हुने रकम;
(ङ) दुई वर्ष पश्चात नवीकरण गरेमा योगदान रकमको तीन गुणा बराबरको रकम;
(च) तीन वर्ष पश्चात नवीकरण गरेमा योगदान रकमको चार गुणा बराबर रकम।

\- स्वास्थ्य बीमा बोर्ड

**'स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध नागरिकको बीमालेख नवीकरण गर्ने सम्बन्धी कार्यविधि, २०८२'**

**बमोजिम म्याद गुजारी बीमालेख नवीकरण गर्ने बिमितको योगदान रकम**

(क) वीमालेखको म्याद कटाई तीन महिना भित्र नवीकरण गरेमा कार्यक्रमा आवद्ध हुँदा लाग्ने योगदान रकमको दश प्रतिशत रकम थप गरी हुने रकम;

(ख) त्यस पछि, छ महिनाभित्रमा नवीकरण गरेमा योगदान रकमको तीस प्रतिशत रकम थप गरी हुने रकम;

(ग) छ महिनादेखि एक वर्ष भित्रमा नवीकरण गरेमा योगदान रकमको पचास प्रतिशत रकम थप गरी हुने रकम;

(घ) एक वर्ष पश्चात नवीकरण गरेमा शत प्रतिशत रकम थप गरी हुने रकम;

(ङ) दुई वर्ष पश्चात नवीकरण गरेमा योगदान रकमको तीन गुणा बरावरको रकम;

(च) तीन वर्ष पश्चात नवीकरण गरेमा योगदान रकमको चार गुणा बराबर रकम।

उदाहरणका लागि

**यदि तपाईं स्वास्थ्य बीमामा रू ३५०० योगदान गर्ने बिमित परिवार हो र तपाइको बिमालेखको अवधि २०८२ कार्तिक मसान्तसम्मको छ भने तपाईले एक महिना अगावै अर्थात् २०८२ असोज मसान्तसम्ममा नवीकरण गरीसक्नु पर्नेछ।**

- तपाईले म्याद गुजारी २०८२ कार्तिक १ गते देखि पुष मसान्तसम्ममा नवीकरण गरेमा योगदान रकमको थप दश प्रतिशत शुल्क सहित रू ३,८५०/- योगदान रकम लाग्नेछ।
- २०८२ माघ १ गते देखि चैत्र मसान्तसम्ममा नवीकरण गरेमा थप तीस प्रतिशत शुल्क सहित रू ४,५५०/- योगदान रकम लाग्नेछ।
- २०८३ वैशाख १ गतेदेखि असोज मसान्त अर्थात एक वर्षभित्रमा नवीकरण गरेमा थप पचास प्रतिशत विलम्ब शुल्क सहित रू ५,२५०/- योगदान रकम लाग्नेछ।
- २०८३ कार्तिक १ गते देखि २०८४ असोज मसान्तसम्ममा नवीकरण गरेमा रू ७,०००/- योगदान रकम लाग्नेछ।
- २०८४ कार्तिक १ गते देखि २०८५ असोज मसान्तसम्ममा नवीकरण गरेमा रू १०,५००/- योगदान रकम लाग्नेछ।
- २०८५ कार्तिक १ वा सो पश्चात नवीकरण गरेमा रू १४,०००/- योगदान रकम लाग्नेछ।

**धन्यवाद !**

सम्पर्क ठेगाना: फोनः ०१-४१००२२३/टोल फ्रीः १६६००१११२२४ / website: www.hib.gov.np

facebook : https://www.facebook.com/hib.np/ Playstore: HIB Profile / Nagarik App